पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३

# पकहाँ मैनपुर गाउँपालिका

## गाउँसभाको अधिवेशनको चौथो बैठक

मितिः२०७७/०३/३१

आ.व.२०७७/०७८

**पकहाँ मैनपुर गाउँपालिका**

**पकहाँ मैनपुर**

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

प्रमाणिकरण गर्ने:

...........................

विजय कुमार चौरसिया

गाउँसभाबाट स्वीकृत मितिः- २०७७/०७/०५

प्रमाणिकरण मितिः- २०७७/०७/१२

# पकहाँ मैनपुर गाउँपालिका

# आर्थिक ऐन , २०७७

## पकहा मैनपुर गाउँपालिका

## पकहाँ मैनपुर

# पकहा ँ मैनपुर गाउँपालिकाको आर्थिक ऐन, २०७७

**गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७७**

**प्रस्तावनाः** गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्कदस्तुर र जरिवाना, संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम पकहा ँ मैनपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि पकहाँ मैनपुर गाउँपालिकामा लागू हुनेछ ।

**२. सम्पति कर :**

गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत) :**

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३

सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

**१४. पर्यटन शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. निकासी शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन वा उत्खनन भई निकासी हुने सामग्रीहरुमा अनुसूची (१४) मा उल्लेखित दरमा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१६. नक्सा पास शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वन्ने घर तथा संरचना निर्माणमा अनुसूची (१५) मा उल्लेखित दरमा नक्सा पास शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१७. अन्य शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पोखरी, तालतलैया, तथा बगैचाहरुमा अनुसूची (१६) मा उल्लेखित दरलाई न्यूनतम अंङ मानी ठेक्का लगाई आम्दानी गर्न सक्नेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१८. अन्य विविध शुल्क :**

यस ऐनमा नखुलेको तर माग भई आएका सिफारिस प्रमाणित लगायतको शुल्क अनुसूची (१७) मा उल्लेखित दरलाई न्यूनतम अंङ मानी अशुल गर्न सक्नेछ ।

**१९. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची (१)

## सम्पती कर

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | सम्पती कर | | - | - |
| २ | जम्मा | | | |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

नेपाल सरकारले निर्देशन दिएमा वा कानूनद्धारा अनिवार्य गरेमा सोही अवस्थामा कायम गरिए वमोजिम सम्पती कर दररेट निर्धारण गरी लागु गरिनेछ ।

## अनुसूची (२)

## मालपोत

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | मालपोत भुमिकर | जमिन | | |
| | | अब्बल प्रति कठ्ठा | 10 | 10 |
| | | दोयम प्रति कठ्ठा | 8 | 8 |
| | | सीम प्रति कठ्ठा | 7 | 7 |
| | | चार प्रति कठ्ठा | 5 | 5 |
| | | नखुलेको खेति योग्य जमिन | 10 | 10 |
| | | नखुलेको बञ्जर जमिन | 5 | 5 |
| | | बाँझो राखेको खेति योग्य जमिन | 15 | 15 |
| | | घडेरीको जग्गामा प्रति धुर | 15 | 15 |
| | | उद्योग भएको जग्गामा प्रतिकठ्ठा | 100 | 100 |

नोटःचालू आर्थिक बर्षभित्र कर नबुझाउनेलाई दोस्रो बर्ष जम्मा कर रकममा २५प्रतिशत, तेस्रो बर्षमा ३५ प्रतिशत गरी प्रत्येक थप बर्षमा १० प्रतिशत थप जरिवान ।लाग्नेछ । तर आ.व. ०७४/०७५ भन्दा अगाडीको मालपोत रकम र जरिवाना साविककै नियम र दररेट अनुसार लाग्नेछ ।

## अनुसूची (३)

## वहाल कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| 1 | वहाल कर (घर संरचना टहरा जग्गा) | कुल भाडाको १० प्रतिशत | कुल भाडाको १० प्रतिशत | कुल भाडाको १० प्रतिशत |
| | जम्मा | | | |

## अनुसूची (४)

## व्यवसाय करः

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| 1 | मदिरा तथा हल्का पेय पदार्थ पसल | वितरक | 500 | 500 |
| | | थोक | 400 | 400 |
| | | खुद्रा | 300 | 300 |
| 2 | चुरोट बिडी सुर्ती जन्य | वितरक | 500 | 500 |
| | | थोक | 300 | 300 |
| | | खुद्रा | 200 | 200 |
| 3 | सुन चाँदी पसल | थोक | 500 | 500 |
| | | खुद्रा पसल र मर्मत | 1000 | 1000 |
| 4 | औषधी पसल | थोक | 1000 | 1000 |
| | | खुद्रा पसल र मर्मत | 500 | 500 |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| 5 | माछा मासु बिक्रि पसल | | 500 | 500 |
| 6 | आयुर्वेदिक औषधी पसल | | 500 | 500 |
| 7 | एग्रोभेट पसल | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 8 | स्टेशनरी तथा पुस्तक पसल | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 9 | छपाई तथा प्रकाशन | अफसेट प्रेस | 500 | 500 |
| | | साधारण प्रेस | 300 | 300 |
| 10 | कस्मेटिक पसल | | 500 | 500 |
| 11 | मोटर पाट्स | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 12 | प्लाई तथा ग्लास | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 13 | कपडा/फैन्सी/जुत्ताचप्पल/व्याग पसल | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 14 | धागो टाक पसल | थोक | 200 | 200 |
| | | खुद्रा | 100 | 100 |
| 15 | ईलेक्ट्रोनिक पसल (मोबाईल, घडी, क्याल्कुलेटर, अडियो, भिडियो आदि ) | थोक | 500 | 500 |
| | | खुद्रा | 500 | 500 |
| 16 | हार्डवयेर/मेशिनरी/स्यानिटरी/मार्बल पसल | थोक | 1000 | 1000 |
| | | खुद्रा | 500 | 500 |
| 17 | पेट्रोलिय मपदार्थ | पेट्रोल पम्प | 5000 | 5000 |
| | | पेट्रोल बिक्रि केन्द्र | 300 | 300 |
| | | ग्यास सिलिन्डर सब डिलर | 500 | 500 |
| | | मट्टितेल मात्र बिक्रि | 200 | 200 |
| 18 | स्टिल आलमुनियम पसल | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 19 | फर्निचर | थोक | 1000 | 1000 |
| | | खुद्रा | 500 | 500 |
| 20 | ढुङ्गा तथा गिट्टी बालुवा बिक्रि वितरण | | 500 | 500 |
| 21 | कपडा सिलाई केन्द्र | टेलरिङ आधुनिक | 500 | 500 |
| | | हाते मेसिन | 300 | 300 |
| 22 | स्नुकर तथा पुल हाउस | | 300 | 300 |
| 23 | क्यारेमबोर्ड | | 200 | 200 |
| 24 | पशु आहार बिक्रि केन्द्र | | 500 | 500 |
| 25 | किराना पसल | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 26 | फलफुल/तरकारी पसल | थोक | 200 | 200 |
| | | खुद्रा | 100 | 100 |
| 27 | उपहार/गिफ्ट/खेलौनी पसल | थोक | 500 | 500 |
| | | खुद्रा | 300 | 300 |
| 28 | भाँडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनियम सबैथरी | थोक | 1000 | 1000 |
| | | खुद्रा | 500 | 500 |
| 29 | माटाको भाँडा पसल | थोक, खुद्रा | 500 | 500 |
| 30 | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी | चिकित्सक | 1000 | 1000 |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | सेवा | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | 1000 | 1000 |
| | | कानुनीव्यवसायी ल फर्म | 1000 | 1000 |
| | | लेखापरीक्षण व्यवसायी | 1000 | 1000 |
| | | दन्तचिकित्सक | 1000 | 1000 |
| | | अनुसन्धानकर्ता परामर्श दाता | 1000 | 1000 |
| | | पशु चिकित्सक डाक्टर | 500 | 500 |
| | | रोजगार सेवा | 500 | 500 |
| 31 | ढुवानी तथा ट्रान्सपोर्ट | | 500 | 500 |
| 32 | पेन्टर/साईनबोर्ड लेख्ने | | 200 | 200 |
| 33 | जग्गा व्यवसायी | | 1000 | 1000 |
| 34 | निर्माण व्यवसायी (घ) वर्ग | | 1000 | 1000 |
| 35 | ट्राभल एजेन्सी | | 500 | 500 |
| 36 | ग्रील उद्योग | | 500 | 500 |
| 37 | जुत्ता उद्योग | | 300 | 300 |
| 38 | घरेलु कुटिर उद्योग (टीकी, अगरबत्ती, मैनबत्ती, अचार तथा अन्य कुटिर ) | | 200 | 200 |
| 39 | कपडा तथा गार्मेन्ट उद्योग | | 500 | 500 |
| 40 | सिरक डसना उद्योग पसल | | 500 | 500 |
| 41 | कुटानी पेलानी/मिल | | 300 | 300 |
| 42 | मसला मिल | | 300 | 300 |
| 43 | इट्टा उद्योग | | 15000 | 15000 |
| 44 | टायल उद्योग | | 1000 | 1000 |
| 45 | सोलार पसल | | 300 | 300 |
| 46 | डेरी उद्योग/व्यवसाय | | 300 | 300 |
| 47 | उपभोग्य बस्तु उत्पादनउद्योग | कुकिज नुडल्स | 300 | 300 |
| | | दालमोट, पाउरोटी, चाउमिन | 300 | 300 |
| | | पापड, चिप्स,फिगर | 300 | 300 |
| 48 | वनजन्यउद्योग | स मिल प्लाइउड उद्योग | 3000 | 3000 |
| | | काठ बिक्रि डिपो | 3000 | 3000 |
| 49 | सुर्तिजन्य उद्योग | | 1000 | 1000 |
| 50 | होटल लज रेष्टुरेन्ट | होटल र लज | 1000 | 1000 |
| | | भोजनालय | 300 | 300 |
| | | मिठाइ पसल | 300 | 300 |
| | | पार्टी प्यालेस | 1000 | 1000 |
| | | रेष्टुरेन्ट-बार | 2000 | 2000 |
| | | चिया र खाजा पसल | 200 | 200 |
| | | खाना, खाजा, नास्ता पसल (मदिरा सहित) | 1000 | 1000 |
| 51 | टेन्ट हाउस | | 500 | 500 |
| 52 | संचार | एफ.एम. प्रसारण | 1000 | 1000 |
| | | केबल च्यानल प्रसारण | 1000 | 1000 |
| | | पत्रपत्रिका प्रकाशन सेवा | 300 | 300 |
| | | फोटोकपी, पि.सि.ओ. साइबर तथा क्याफे | 500 | 500 |
| | | कुरियर सेवा | 300 | 300 |
| | | कलर ल्याव/फोटो स्टुडियो | 300 | 300 |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| 53 | वित्तिय कारोवार | वाणिज्य बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | 500 | 500 |
| | | विकास बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | 3000 | 3000 |
| | | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | 1000 | 1000 |
| | | वित्तीय/ऋण सहकारी संस्था | 500 | 500 |
| | | मनी ट्रान्सफर | 500 | 500 |
| | | बिमा कम्पनी | 1000 | 1000 |
| | | लघुवित्त | 1000 | 1000 |
| 54 | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | 10000 | 10000 |
| | | क्लिनिक तथा ल्याव | 1000 | 1000 |
| 55 | पशुपन्छी फार्म | दर्ता | 1000 | 1000 |
| | | नविकरण | 300 | 300 |
| 56 | मासु पसल दर्ता | | 500 | 500 |
| 57 | चस्मा पसल | | 400 | 400 |
| 58 | शिक्षा सेवा निजी | क्याम्पस | 10000 | 10000 |
| | | मा.वि./उ.मा.वि. | 5000 | 5000 |
| | | आधारभुत | 3000 | 3000 |
| | | प्राथमिक | 3000 | 3000 |
| | | छात्रावास | 1000 | 1000 |
| | | मन्टेश्वरी | 1000 | 1000 |
| | | पूर्व प्राथमिक | 2000 | 2000 |
| | | ट्यूशन सेन्टर | 500 | 500 |
| | | कम्प्युटर/नृत्यकला सिकाइ केन्द्र | 500 | 500 |
| | | तलिम तथा अनुसन्धान केन्द्र | 500 | 500 |
| 59 | मर्मत सम्भार | टायर-टयुव मर्मत, रिसोलिङ्ग, हावा भर्ने | 300 | 300 |
| | | इन्जिन मर्मत | 500 | 500 |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | 500 | 500 |
| | | टि.भि., फ्रिज, मोटर, पङखा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाइल | 500 | 500 |
| | | मोटरसाईकल मर्मत | 500 | 500 |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन | 1000 | 1000 |
| 60 | ड्राइ क्लिनिक, व्यूटी पार्लर तथा सैलुन | | 200 | 200 |
| 61 | फुल बिरुवा पसल | | 200 | 200 |
| 62 | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | 300 | 300 |
| | | अन्तराष्ट्रिय | 500 | 500 |

## अनुसूची (५)

## जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर:

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १ | | ० | ० |

## अनुसूची (६)

### सवारी साधन कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| 1 | सवारी साधन दर्ता शुल्क | सानो, ठुलो, हेवि | 0 | 0 |
| 2 | पटके सवारी कर | सानो, ठुलो, हेवि | 5,10,20 | 5,10,20 |

## अनुसूची (७)

### विज्ञापन कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | 200 प्रति स्क्वायर | 200 प्रति स्क्वायर |
| | | सार्वजनिक स्थानमा विद्युतिय विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | 300 प्रति स्क्वायर | 300 प्रति स्क्वायर |

## अनुसूची (८)

### मनोरञ्जन कर

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | मेला लगाउने | | 1000 | 1000 |

## अनुसूची (९)

### बहाल बिटौरी शुल्क:

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| 1 | हाटबजार कर | प्रत्येक पसल प्रति दिन | 20 | 20 |
| 2 | बहाल बिटौली कर | टहरो छाप्रो मासिक | 1000 | 1000 |
| | | घुम्ती मासिक | 500 | 500 |
| | | ठेला मासिक | 300 | 300 |

## अनुसूची (१०)

### पार्किङ शुल्क

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | मोटरसाईकल | | 5 | 5 |
| २ | लाईट गाडी | | 10 | 10 |
| ३ | हेभी गाडी | | 20 | 20 |

## अनुसूची (११)

### ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर ऱ्याफ्टीङ्ग शुल्क:

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | | | ० | ० |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

## अनुसूची (१२)

### सेवा शुल्क, दस्तुरः

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| 1 | घरजग्गा नामसारी सिफारिस | १० कठ्ठा सम्म | 100 | 100 |
| | | १० देखि २० कठ्ठा सम्म | 200 | 200 |
| | | २० कठ्ठा देखि माथि | 500 | 500 |
| 2 | मोही लगत कट्टा सिफारिस | एका संगोलको मोही कट्टा सिफारिस | 200 | 200 |
| | | अन्य मोही कट्टा सिफारिस | 500 | 500 |
| 3 | मोही नामसारी | | 300 | 300 |
| 4 | घरवासको जग्गाको सिफारिस | | 200 | 200 |
| 5 | घर कायम सिफारिस | १० कठ्ठा भन्दा माथिको | 200 | 200 |
| 6 | सरजमिन मुचुल्का सिफारिस दस्तुर | साधारण | 200 | 200 |
| | | उद्योग वाव्यवसाय प्रयोजन | 1500 | 1500 |
| | | ईट्टा भट्टाको लागि | 10000 | 10000 |
| 7 | छात्रवृति सिफारिस | | 0 | 0 |
| 8 | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | | 0 | 0 |
| 9 | अपाङ्गता भएको सिफारिस | | 0 | 0 |
| 10 | अस्थायी बसोबास सिफारिस | | 100 | 100 |
| 11 | स्थायी बसोबास सिफारिस | | 100 | 100 |
| 12 | नागरिकता सिफारिस | वंशज/जन्म | 0 | 0 |
| | | अंगिकृत | 50 | 50 |
| 13 | नागरिकता संशोधन सिफारिस | | 100 | 100 |
| 14 | विद्युत जडान सिफारिस | | 50 | 50 |
| 15 | धारा जडान सिफारिस | | 50 | 50 |
| 16 | जीवित रहेको सिफारिस | | 50 | 50 |
| 17 | दुवै नाम गरेको व्यक्ति एक्र हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | 100 | 100 |
| 18 | व्यंवसाय बन्द सिफारिस | | 100 | 100 |
| 19 | व्यवसाय संचालन नभएको सिफारिस | | 100 | 100 |
| 20 | व्यापार व्यवसाय नभएको सिफारिस | | 100 | 100 |
| 21 | कोर्ट फी मिनाहा सिफारिस | | 50 | 50 |
| 22 | नाबालक परिचयपत्र सिफारिस | | 100 | 100 |
| 23 | चौपाया सम्बन्धि सिफारिस | | 50 | 50 |
| 24 | आदिवासी/जनजाती/मधेशी/दलित/पिछडावर्ग/विपन्नता भएको अपाङता भएको सिफारिस | | 0 | 0 |
| 25 | विदेश अध्ययनको लागि जग्गा मूल्याङ्कन | | 0.05 | 0.05 |
| 26 | कपाली तमसुक प्रमाणित गर्नुपर्ने भएमा | | 0.10 | 0.10 |

## अनुसूची (१३)

### पर्यटन शुल्क

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | | ० | ० |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

## अनुसूची (१४)
## निकासी कर

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | पकेको ईटा निकासी | प्रतिईटा २५ पैसा | प्रतिईटा २५ पैसा |
| २ | काचो ईटा निकासी | प्रतिईटा १० पैसा | प्रतिईटा १० पैसा |
| | मटो निकासी | प्रति घमि १० रुपया | प्रति घमि १० रुपया |
| | वालुवा निकासी | प्रति घमि १५ रुपया | प्रति घमि १५ रुपया |
| | रोडा निकासी | प्रति घमि २० रुपया | प्रति घमि २० रुपया |
| | ग्राभेल निकासी | प्रति घमि १५ रुपया | प्रति घमि १५ रुपया |

## अनुसूची (१५)
## नक्सापास तथा अभिलेखीकरण दस्तुर

| क्र.सं. | विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | फुसको घर( टाटी माटोको) | ५० | ५० |
| २ | काचो ईटा र माटो जाडाई | १०० | १०० |
| ३ | पाको ईटा र माटो जोडाई जस्ता वा टायल वा खपटा छाना | २०० | २०० |
| ४ | पाकी ईटा र माटो जोडाई डि.पि.सि. छाना | रु १ प्रति स्क्वयर फिट | रु १ प्रति स्क्वयर फिट |
| ५ | पाको ईटा, सिमेन्ट जोडाई जस्ता वा टायल वा खपटा छाना | रु १ प्रतिस्क्वयर फिट | रु १ प्रतिस्क्वयर फिट |
| ६ | पाको ईटा र सिमेण्ट जोडाई डि.पि.सि. छाना | रु २ प्रति स्क्वयर फिट | रु २ प्रति स्क्वयर फिट |
| ७ | पाको ईटा र सिमेन्ट जोडाई पिलर सिष्टम आर. सि. सि. | रु ४ प्रति स्क्वयर फिट | रु ४ प्रति स्क्वयर फिट |
| ८ | काठको घर जस्ता वा टायल वा खपटा छाना | ५०० | ५०० |

## अनुसूची (१६)
## अन्य आम्दानी

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | माछा पोखरी ठेक्का | | रु १प्रति स्क्वयर मिटर | रु १ प्रति स्क्वयर मिटर |

## अनुसूची (१७)
## अन्य आम्दानी

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|
| १ | विविध आम्दानी (पछी शिर्षक खुल्ने) | | १०० | १०० |

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३